जनकपुरधाम उपमहानगरपालिकाको सम्मानित १३तेरह्रौं नगरसभामा २०८२ साल आषाढ १०र११गते

उपमहानगरपालिका प्रमुख

श्री मनोजकुमार साहज्यूले

प्रस्तुत गर्नुभएको

# आर्थिकवर्ष२०८२/०८३को नीति तथा कार्यक्रम

जनकपुरधाम उपमहानगरपालिका

२०८२

जनकपुरधाम उपमहानगरपालिकाको १३तेरहौं नगरसभाको समुद्घाटन समारोहमा नगर प्रमुखश्री मनोज कुमार साह ज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३को

## नीति तथा कार्यक्रम

नगरसभाका सदस्यज्यूहरु,

१. **सफा, स्वच्छ, सुन्दर र सु-संस्कृत जनकपुरधाम उपमहानगर** बनाउने सोच सहित अघि बढेको जनकपुरधाम उपमहानगरपालिकाले हाम्रो कार्यक्रमको चारवटा नगर सभा सम्पन्न गरिसकेको छ । यस १३ तेरहौं गरिमामय नगरसभा समक्ष उपमहानगरपालिकाको आर्थिक वर्ष २०८२/०८३को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसीको अनुभूति भएको छ।

२. प्राचीन मिथिलाको राजधानी जगज्जननी माँ जानकीको पवित्र नगरी ज्ञान मीमांशा शास्त्रार्थको पवित्र स्थल हो । यो देवभुमिमा आफुलाई प्रस्तुत गर्न पाउँदा अन्तरहृदयले यहाँका माटो, प्रकृति प्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

३. बिगत बर्षहरुमा धेरै ऐन,नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड निर्माण भई राजपत्रमा सार्बजनिक भएका छन् । यसबाट कार्यपालिका कानूनी हैसियतमा बलियोछ भन्न सकिन्छ।

४. राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक क्षेत्र सबै मूल्यको हिसाबले हेर्दा नित्य अधोगति तिर गईरहेको र जनतामा चरण असन्तुष्टि सबैले महसुस गरेकै कुरा हो । संघ प्रदेश र स्थानीय सरकार गठन भएपनि एकले अर्कोलाई सधाएपछि मात्र देश अपेक्षित उपलब्धि हासिल गर्न सक्थ्यो तर सरकारहरुको बीच देखिएका संवाद हिनता, पुर्ण समान्य जसता तथा रिक्तताले गर्दा कुनैपनि सरकार जनताको कसौटीमा उभिन नसकेको भन्नुपर्दा कुनै अतिश्योक्ति हुँदैन । यस्तो परिस्थितिमा जनतामा आशा र भरोशा जगाउनु र संघीय लोकतान्त्रिक गणतन्त्रलाई जनताको आफनो व्यवस्था हो भनी स्थापित गउारउन सक्नु पर्ने हामी सबैको सांझा चुनौतीको विषय हो। यस दिशामा हामी निरन्तर लागि परेका हौं।

५. स्वच्छ र सफा जनकपुर बनाउने, स्थानीय जनताको हित र स्वाभिमान प्रवर्द्धन गर्ने, प्रशासनलाई विकास मैत्री बनाउने,फजुल खर्च कटौती गर्नेजस्ता उद्देश्य राखी आर्थिक वर्ष

२०८२/०८३मा जनकपुरधाम नगरलाई मधेश प्रदेशको राजधानी सुहाउँदो बन्न चाहिने सबै किसिमका पूर्वाधार विकास गर्ने अठोटका साथ यो नीति तथा कार्यक्रम ल्याइएको छ।

**उपस्थित नगर सभाका सदज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु। यस वर्ष फोहोर मैलाको प्रभावकारी व्यवस्थापन, पर्यटकीय पूर्वाधार तथा भाषा संस्कृति विकास, शैक्षिक क्षेत्र सुधार, स्वास्थ्य क्षेत्र प्रवर्द्धन, कृषि क्षेत्रको व्यवसायीकरण, महिला सशक्तिकरण, औधौगिकरण मार्फत आयमा वृद्धि तथा ग्रामीण क्षेत्रहरुमा पूर्वाधार विकास उपमहानगरको प्राथमिकता मा रहेका छन् |

**फोहोरमैला व्यवस्थापन**

६. जनकपुरधामको सरसफाईलाई वैज्ञानिक तथा व्यवस्थित गर्ने प्रयास लाई निरन्तरता दिइनेछ ।

७. फोहोर व्यवस्थापनमा चाहिने आवश्यक उपकरण तथा जनशक्ति परिचालन गरिनेछ | कुहिने तथा नकुहिने फोहोर छुट्याउने प्रविधि मार्फत घरेलु कार्यमा प्रयोग हुने उर्जा तथा कम्पोस्ट मल उत्पादन गरी कृषि कार्यमा प्रयोग गरिनेछ। यो फोहोर व्यवस्थापन पद्धतिवाट किसानको माटोको क्षमता विकास र उपमहानगरपालिकाको आय श्रोतमा वृद्धि हुने छ ।

८. फोहोरमैला व्यवस्थापनको लागि आमनागरिक तथा सामुदायहरुलाई जनचेतना जगाउन जनचेतना मुलक कार्यक्रमहरु गर्ने नीतिलाई अवलम्बन गरिनेछ|

९. फोरमैला व्यवस्थापनको लागि यस उपमहानगरपालिका छेउछाउका अन्य न.पा.हरुसंग समन्वय र सहकार्य गरी सामुहिक पालिका स्तरिय सेनेटरी लैण्डफिलसाइट निर्माण गर्न अन्तर न.पा.हरुसंग समन्वय गर्ने कार्य प्रारम्भ भैसकेकोले फोहर मैला व्यवस्थापनमा सोको प्रतिफल छिटै नै सतहमा आउनेछ ।

१०. जनकपुरधाममा रहेका बर्षौं देखिको विकराल समस्याको रुपमा लामखुट्टेको नियन्त्रण पनि हो यसका लागि स्वास्थ्य क्षेत्रका उच्च तहका विषय विशेषज्ञको परामर्श लिई आवश्यक र ठोस कदम चालिनेछ।

## पर्यटन तथा नगर क्षेत्रको सुन्दरता प्रवर्द्धन

११. पौराणिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक धरोहरहरुको संरक्षणका लागि अध्ययन अनुसन्धान, तिनका विषयमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा सूचना प्रवाह तथा प्रचार प्रसार गर्न जनकपुरधाम पर्यटन केन्द्र थप सशक्त बनाइनेछ।

१२. नगर क्षेत्रका रङ्गभूमि मैदान, धार्मिक तथा ऐतिहासिक पोखरीहरुको वृहत सरसफाई तथा पोखरीका डिलहरुको सौन्दर्यिकरण गर्दै रमणीय स्थलका रूपमा विकास गरिनेछ।

१३. सडकमा खुला रूपमा विचरण गर्ने चौपायाहरुको उचित व्यवस्थापनका लागि एक गौशाला निर्माण संपन्न भई सकेको मा सो कार्यलाई अझ प्रभावकारी गरीनेछ।

१४. नगरका सडक तथा सडकपेटीहरुमा जथाभावी रुपमा गरिने पार्किंग नियन्त्रण गर्न उचित स्थानहरु पहिचान गरी सु-व्यवस्थित पार्किंगको व्यवस्था मिलाईने छ।

१५. पैदल हिंड्ने फुटपाथहरुमा राखिने व्यवसायिक पसल तथा निर्माण सामग्रीहरु नियन्त्रण गर्न प्रभावकारी कदम लाई निरन्तरता दिईनेछ।

१६. जानकी मन्दीरलाई विश्वसम्पदा सूचिमा सुचिकृत गर्न संरक्षित क्षेत्रको नक्साकंन पुरा भई सकेकोमा संरक्षित क्षेत्र कायम गर्न पुरातत्व विभागसंग समन्वय गरी संरक्षित क्षेत्र कायम गरीने छ।

१७. जानकी मन्दिरलाई केन्द्रमा राखेर आस्थाको महत्तम बिन्दुमा पुर्याउन जानकी मन्दिरको चारैतिर पैदल मात्र हिंडने व्यवस्था मिलाउने र पैदल हिंडने बाटोमा सीता राममय हुने गरी वातावरण निर्माण गरीनेछ।

१८. जानकी मन्दीरलाई विश्व सम्पदा सूचिमा सूचिकृत गर्न संरक्षित क्षेत्रको नक्सांकन पुरा भैसकेको हुंदा संरक्षितक्षेत्र कायम गर्न पुरातत्व विभाग संग समन्वय गरी कार्य सम्पन्न गरीनेछ।

१९. मैथिली भाषा साहित्य कला संस्कृतिको प्रवर्धन र संवर्धन अनुसन्धानका लागि यस नगर क्षेत्रमा काम गर्ने संस्थाहरु संग सम्बन्धित संस्थाहरुसंग समन्वय गरी कार्य सञ्चालन गरीनेछ।

२०. दुधमती कोरीडोर यस पालिकाबाट निर्माण भएमा सोको सैन्दर्यीकरण तथा निर्माण गर्न संघ तथा प्रदेश सरकार संग समन्वय गरी कार्य प्रारम्भ गरीनेछ।

२१. मिथिलाको पौरानीक्ता झल्किने गरी कुनै एउटा ग्रामिण वडाको टोल छनौट गरी सोको मिथिला गांउको रुपमा विकास गर्न योजनाको थालिनी गरीनेछ।

२२. पर्यटकिय विकासका लागि पर्यटक गाइडको व्यवस्था गर्न कार्यविधि बनाई कार्यक्रम अगाडी बढाईनेछ।

२३. नगरक्षेत्रमा अव्यवस्थित रुपमा सञ्चालित ई-रिक्सा व्यवस्थाको लागी कार्यवीधि निर्माण भै सोको दर्ता नविकरण तथा नियमन गर्ने कार्य प्रारम्भ भैसकोले न.पा.का दर्ता नभएका ई–रिक्साहरुलाई परिक्रमा क्षेत्रभित्र प्रावेश पुर्णरुपमा निषेध गरी व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।

**शैक्षिक सुधार:**

**शिक्षा, युवा तथा खेलकुद**

२४. प्रारम्भिक बाल शिक्षा केन्द्रका बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्न आवश्यक स्रोतसाधन उपलब्ध गराइनेछ।

२५. विद्यालयलाई अपाङ्गतामैत्री र छात्रामैत्री बनाउने गरी न्यूनतम भौतिक पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ। आगामी दुई वर्ष भित्र जस्तापाताको छानो भएका सबै कक्षाकोठामा फल्स सिलिङ राखिनुका साथै सबै विद्यालयको रङरोगन सम्पन्न गरिनेछ।

२६. सामुदायिक विद्यालयमा इन्टरनेट र प्रविधिको माध्यमबाट शिक्षण-सिकाई गर्न शिक्षकलाई प्रोत्साहित गरिनेछ। आधारभूत विद्यालयलाई इन्टरनेट जडानका लागि न्यूनतम स्रोत उपलब्ध गराइनेछ।

२७. प्राविधिक शिक्षालाई जोड दिनुको साथै युवा स्वयं-सेवक शिक्षक परिचालन गरिनेछ।

२८. अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेशस्तरीय खेलमा पदक जित्ने उपमहानगरका खेलाडीहरुलाई पुरस्कृत गरिनेछ।

२९. उपमहानगरपालिकाले प्रत्येक २ वर्षमा वृहत् खेलकूद महोत्सव आयोजना गर्नेछ।

३०. विद्यालयमा विषयगत शिक्षक दरबन्दीको सुनिश्चितता गर्नुका साथै पाठ्यक्रम निर्देशित पाठ्यघण्टा र कार्यघण्टा अनुसार सिकाइका लागि शिक्षकको तयारी प्रस्तुति र त्यसपछि पनि सिकाइका लागि वस्तुगत अनुगमग र पृष्ठपोषण दिने लिने ( Monitoring mechanism) प्रणालीको विकास गरिनेछ ।

३१. विद्यालयहरुमै तालिम व्यवस्थापनको सुनिश्चतता गर्नुका साथै वास्तविक कक्षामा त्यसै ठाउँमा सीप स्थानान्तरण गर्ने प्रणालीको विकास गरी सीपयुक्त शिक्षक सीपयुक्त विद्यार्थी उत्पादन गर्ने ।

३२. एक विद्यालय एक ल्याब, एक पुस्तकालय र एक सूचना संचार प्रविधि केन्द्र व्यवस्थापनका लागि विगतमा सहयोग गरिएका विद्यालयहरुमा प्रयोगको अवस्था विश्लेषण गरी सबै विद्यालयलाई क्रमशः यसै अनुरुप लैजाने कार्यलाई निरन्तरता दिइनेछ।।

३३. अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रवर्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गरिनेछ ।

३४. स्थानीय पाठ्यक्रम बनाउन लगाई आवश्यक कदम चालिनेछ। मिथिलाका संस्कृतिलाई मूलमर्म ठानेर यहाँका गौरवगाथाका कथाहरु हाम्रा पुरखाहरु हाम्रा शहीदहरु लोकपात्रहरु बारे विशेष केन्द्रिकरण गरेर विभिन्न किसिमका जनचेतना मूलक प्रतियोगिताहरु संचालन गरिनेछ।

३५. अतिरिक्त क्रियाकलापहरु सांगीतिक प्रतियोगिताहरु संचालनार्थ बालबालिकाहरुका सिर्जनात्मक प्रतिभा प्रस्फुटनका लागि प्रत्येक विद्यालयहरुमा कम्तीमा महिनाको एक पटक कार्यक्रम आयोजना गरी शैक्षिक व्यक्तित्वहरुलाई विशेष आमन्त्रित गरी कार्य सम्पादन गरिनेछ ।

३६. उपमहानगरपालिका भित्रका सवै सामुदायिक विद्यालयहरूमा वाल क्लव स्थापना गरी उक्त् क्लवका लागि आवश्यक क्षमता अभिवृद्धि कार्यक्रममा सहयोग गर्ने र क्लवका सदस्यहरूलाइ विभिन्न स्थलगत भ्रमणको व्यवस्था गरिने छ।

३७. विद्यालयको पोशाक लगाएका विद्यार्थीहरुलाई धुम्रपानका साधनहरुको उपलब्धता तथा चलचित्र हलहरुमा पुर्णरुपमा निषेध गरिने नीति अवलम्बन गरीनेछ।

**राजस्वतथा स्रोत व्यवस्थापन**

३८. जनकपुरधाम उपमहानगरपालिकाको १ देखि २५ वडाहरुमा गुठीको नामबाट व्यक्तिको नाउंमा नम्बरी दर्ता भई लालपुर्जा प्राप्त गरी सकेका जग्गाहरुमा पनि जग्गाको भूमिकर (मालपोत) गुठी संस्थानले अशुल गरी रहेको तर सोहि प्रकृतिको जग्गाहरुमा बनेको घरको नक्सा पास, सम्पति कर, बहालकरहरु न.पा.ले कानून बमोजिम अशुल गरिरहेको हुंदा नेपालको संविधानको अनुसूची–८ मा स्थानीय तहको एक अधिकार क्षेत्रभित्र मालपोत कर लाई समावेश गरिएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ उपदफा (ग) मा गुठी अधिनस्तको जग्गामा सम्पति कर नलाग्ने व्यवस्था रहेको हुंदा उपरोक्त कानूनी व्यवस्था अनुसार आ.व. २०८२/०८३ देखि सो सम्पूर्ण गुठीको नाम बाट व्यक्तिको नाममा नम्बरी दर्ता भई सकेको नीजि जग्गायहरुको भूमिकर (मालपोत) न.पा.द्वारा नै अशुल गर्ने नीति अवलम्बन गरीने छ।

३९. ३० लाख सम्मको करदातालाई सम्पत्ति करमा ३४ प्रतिशत र त्यस पछिको २० लाख मूल्य पर्ने सम्पत्तिमा ०.०१ प्रतिशतले छुट दिइने ब्यबस्थालाई निरन्तरता दिईने छ|

४०. आर्थिक वर्षको प्रथम ३ महिना भित्र सम्पत्ति कर तथा व्यवसाय कर बुझाउने करदातालाई पुरुषको हकमा ५ प्रतिशत र महिलाको हकमा १० प्रतिशत छुट दिइने ब्यबस्थालाई निरन्तरता दिईने छ |

४१. आन्तरिक राजस्वको दायरा र आधारलाई फराकिलो बनाउंदै जाने नीति लिनुका साथै राजस्वका स्रोत बढाउन सघन कार्यक्रमहरु संचालन गरिनेछ |

४२. दिगो र भरपर्दो आय स्रोतहरुबाट राजस्व संकलन तथा समुचित परिचालन गरि समृद्ध उपमहानगर निर्माणमा टेवा पुग्ने भएकोले उपमहानगरपालिका क्षेत्रको करको दायरामा नपरेका व्यक्ति, संघ संस्था, व्यवसायहरुलाई करको दायरामा ल्याइनेछ |

४३. हालको कर प्रणालीलाई पूर्णरूपमा कम्प्युटरबाट स्वचालित गराई अनलाईन माध्यम बाट कर तिर्ने प्रणाली स्थापित गरिनेछ | साथै, करदाता शिक्षालाई प्राथमिकता दिइने छ |

४४. करप्रणालीलाई करदातामैत्री बनाउन एउटा मोबाइल एप बनाइनेछ साथै कुनैपनि बेला आफुले बेहोर्नेकरको चाहेको बेला जानकारी लिने तथा मोबाइल बाटै कर तिर्ने व्यवस्था लागु गर्ने ।

४५. लक्ष्यमा आधारित उत्प्रेरणा एवं राजस्व अभिवृद्धि प्रोत्साहन मापदण्ड लागु गरिनेछ |

४६. करको दायरा तथा क्षेत्र वृद्धि गर्नका लागि राजश्व सुधार कार्य योजनाको निर्माण भैसकेकोल सोहि बमोजिम कार्य अगाडी बढाइनेछ ।

## कृषि नीति

४७. कृषि उपजहरुलाई सहज रूपमा बजारसम्म पुर्याउनका लागि कृषि क्षेत्रसम्म पुग्ने पूर्वाधारहरुको विस्तार गरिनेछ। स्थानीय कृषि उत्पादनको व्यवस्थित बजारीकरणका लागि उपमहानगर भित्रका सबै हाटबजारहरुको थप व्यवस्थापन गरिनेछ |

४८. कृषि योग्य भूमिको पूर्ण उपयोग सुनिश्चित गर्न उपमहानगर भित्र रहेका कुनैपनि कृषि योग्य जमिन बाँझो राख्न दिइने छैन ।

४९. उपमहानगरका उत्कृष्ट किसानहरुलाई पुरस्कृत गरिनेछ ।

५०. एक वडा एक उत्पादन कार्यक्रम संचालन गरी कृषि उत्पादन अभिवृद्धि गरिनेछ |

५१. पशुजन्य पदार्थहरूको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न उत्पादन लागत न्यूनीकरणका प्रविधिहरूको उपयोग, फार्म सुधार र यान्त्रिकीकरणलाई जोड दिइनुका साथै पशुहरूको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५२. एक वडा एक पशु फर्म आधुनिकीकरण कार्यक्रम लागु गरिनेछ |

५३. कम्तिमा ५० वटा सम्म बाख्रापालनको प्रस्ताव लिएर आउने पशुपालक समूहलाई अनुदान दिने कार्यक्रम ल्याइनेछ ।

५४. पशुजन्य खाद्य पदार्थहरुको गुणस्तरीय उत्पादन, प्रशोधन, विविधिकरण र बजारीकरणलाई प्राथमिकता दिंदै विषयगत शाखा र सेवा केन्द्रहरुमा रोग निदानका लागि प्रयोगशाला सेवा विस्तार गरिनेछ । यस कार्यमा भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रसँग सहकार्य तथा साझेदारी गरिनेछ।

**रोजगारी सिर्जना तथा सहकारी**

५५. युवा तथा उद्यमीहरुलाई नवीन व्यवसाय शुरु गर्न आवश्यक क्षमता विकास अन्तर्गत उद्यमशिलता विकास तालिम, प्राविधिक सीप विकास तालिम, प्रविधि हस्तान्तरण, वित्तीय पहुँचमा सहजीकरण र बजारीकरणका कार्यक्रमसंग क्रमश आबद्ध गराई रोजगारी अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ |

५६. बेरोजगार युवाहरुको डाटाबेस निर्माण गरी ती युवाहरुलाई सीपमूलक तालिम दिइ आफ्नै नगर देशमा स्वरोजगार व्यवसाय संचालन गर्न प्रेरित गरिनेछ । बिन सीप कोना जीब कार्यक्रमको थालनी गरी लागु गर्ने आधारशिला तयार गरिनेछ।

५७. युवाहरुमा बढदै गइरहेको नकारात्मकता ,दुर्व्यसन, आक्रामकता, निर्णय लिन नसक्ने, कैरियर दिशा निर्देशका लागि के गर्दा राम्रो हुने भने अवधारणा अन्तर्गतका व्यवस्थापनका लागि मनोवैज्ञानिक परामर्श सेवाहरु (Counseling Centre) नेतृत्व विकास तालिम लगायतका कार्यक्रमहरु निर्माण गरी लागु गरिनेछ।

५८. युवा बेरोजगारहरु वाट ठोस प्रस्ताव आह्वान गरी उनीहरुलाई सर्टिफिकेट वा अन्य जमानीको आधारमा ५ लाख सम्म सहयोग गर्ने नीति लिइएकोछ।।

५९. सहकारी सेवालाई सर्वसुलभ बनाउन उपमहानगरपालिकामा कर्मचारी व्यवस्थापन गरी युवा बेरोजगारहरु लाई यस संग जोडिनेछ।

**स्वास्थ्य सेवामा सुधार एवं पहुँच**

६०. आधारभूत एवं गुणस्तरीय स्वास्थ्य सेवामा उपमहानगरबासीको पहुँच सुनिश्चित गर्न स्वास्थ्यको सर्वव्यापी पहुँचको अवधारणा अनुसार सबै वडामा स्वास्थ्य संस्था स्थापना गरी सेवा प्रवाह गरिनेछ। नवजात शिशु, आमा र बालबालिकाको पोषण, प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोगको रोकथाम, महामारी नियन्त्रण तथा सचेतना प्रवर्द्धनका कार्यहरुमा विशेष जोड दिइनेछ।

६१. बालबालिका, महिला, जेष्ठ नागरिक,अपाङ्गता लगायत जोखिम समूहका व्यक्तिहरुलाई विशेष स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ । उपमहानगरका विपन्न र अपाङ्गता भएका व्यक्तिहरुको नि:शुल्क स्वास्थ्य बीमा गरिने नीति अवलम्बन गरिनेछ।

६२. उपमहानगरमा बसोबास गर्ने सबै क्षयरोग बिरामीहरुको प्रयोगशाला परीक्षण र आवश्यक औषधि उपचार गर्ने नीतिलाई कार्यान्यवनमा ल्याइनेछ ।

६३. विद्यालयमा विद्यार्थीहरुको स्वास्थ्य सुनिश्चित गर्न विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ। उपमहानगरका सबै विद्यालयमा अनिवार्य रूपमा स्वास्थ्य जांच कक्षको व्यवस्था गरिनेछ ।

६४. नियम तथा मापदण्ड विपरित मदिरा तथा मासुजन्य पदार्थ बिक्री वितरण गर्ने कार्यलाई कडाईका साथ अनुगमन गरी निरुत्साहित गरिनेछ ।

६५. सरकारी स्वास्थ्य संस्था मा सुत्केरी हुने महिलालाई नि:शुल्क यातायात,एम्बुलेन्स खर्च उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ । नगरका सबै गर्भवती महिलालाई क्याल्सियम तथा गुणस्तरीय झुल वितरण गरिनुका साथै सबै नगरवासीको रगतमा ग्लुकोजको मात्रा परीक्षण नि:शुल्क रूपमा गरिनेछ।साथै, गर्भवती महिलाहरुको ओसार पसारको लागि एउटा एम्बुलेन्स जनकपुरधाम अस्पताललाई उपलब्ध गराइनेछ |

६६. जोखिम युक्त मेडिकल फोहोरको व्यवस्थापन तथा निर्मलीकरणका लागि सम्बन्धित स्वास्थ्य संस्था तथा अस्पतालहरुसंग आवश्यक सहकार्य गरिनेछ ।

६७. नागरिकहरुको स्वास्थ्य परिक्षणको लागि घरदैलो कार्यक्रमको थालिनी गरीनेछ ।

## पूर्वाधार तथा शहरी सौन्दर्य

६८. उपमहानगरपालिकाले सञ्चालन गरेका अधुरा योजनालाई प्राथमिकतामा राखि कार्यान्वयनमा ल्याउनेछ। यस आर्थिक वर्ष देखि योजना सार्ने प्रवृत्तिमा पूर्ण रुपमा नियन्त्रण गरिनेछ ।

६९. रोजगारी सिर्जना हुने र मेशिनरी औजार प्रयोग नहुने आयोजना सञ्चालन उपभोक्ता समितिबाट गरिनेछ र ठूला तथा मेशिनरी औजार प्रयोग हुने र २० लाख भन्दा माथिका सडक आयोजना बोलपत्र मार्फत् कार्यान्वयनमा ल्याइनेछ ।

७०. लागत अनुमान स्वीकृति पश्चात् सम्झौता गर्ने र जनसहभागिता बराबरको रकम भन्दा बढी कार्य प्रगति भए पश्चात् मूल्यांकनको आधारमा उपभोक्ता समितिलाई भुक्तानी दिने नीतिलाई कार्यान्वयनमा ल्याइनेछ ।

७१. निर्माण कार्य गुणस्तरीयताका लागि बोलपत्र प्रक्रियाबाट र उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको ल्याब परीक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

७२. उप-उपमहानगरपालिका हुँदा तय भएको बस्ती विकास तथा भवन निर्माण मापदण्डलाई वैज्ञानिक बनाउन समसामयिक परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ ।

७३. सडकमा अनुचित ढगंबाट राखिएका निर्माण-सामग्रीका कारण आवागमनमा अवरोध गर्ने र दुर्घटना हुने हुँदा त्यस्तो गर्ने व्यक्ति तथा निर्माण व्यवसायीलाई कारवाहीको दायरामा ल्याइनेछ ।

७४. पूर्वाधार विकासको कार्यलाई व्यवस्थित गर्नआगामी वर्ष संचालन गरिने संभावित ठूला आयोजनाहरुको “परियोजना बैंक” तयार गरिनेछ ।

७५. वडास्तरीय आयोजनाहरुको रकमान्तर र कार्यक्रम संशोधन नगर्ने र अति आवश्यक भएको अवस्थामा सम्बन्धित वडाको सिफारिसमा कार्यपालिकाले निर्णय गरेबमोजिम मात्र हुनेगरी व्यवस्था मिलाइनेछ ।

७६. उपमहानगर भित्रका सबैसडकको नामाकरण गरी वैज्ञानिक घर नम्बर वितरण गर्ने कार्यको प्रारम्भ गरिनेछ ।

७७. शहरी क्षेत्रमा बसोवास गर्ने नागरिकहरुलाई शारीरिक व्यायामका लागि सार्वजनिक स्थलहरुमा आधुनिक खुल्ला व्यायामशाला स्थापना गर्ने कार्यको प्रारम्भ गरिनेछ ।

७८. शहरी संरचनालाई विश्वव्यापी मापदण्ड अनुरुपको बनाउन अपांगमैत्री र वातावरण मैत्री भौतिक संरचना निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## निजी क्षेत्रसँग सहकार्य

## वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन

७९. विषादी प्रयोग नियन्त्रण, स्वच्छ पिउने पानीको उपलब्धता, वायु प्रदूषण नियन्त्रण, फोहोरको उचित व्यवस्थापन कार्यमा निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

८०. उपमहानगरको कम्तिमा एक वडालाई नमूनाको रुपमा प्लास्टिक झोलामुक्त वडा बनाई कपडा झोला,जुट झोला प्रयोगमा जोड दिईनेछ र क्रमशः सबै वडामा निरन्तरता दिइनेछ ।

८१. प्लास्टिक जन्य वस्तु बालेर प्रदूषण गर्ने, अव्यवस्थित विज्ञापन सामग्री राख्ने, फुटपाथमा पसल तथा निर्माण सामाग्री राख्ने, छतको पानी सडकमा खसाल्ने, सतह ढलमा शौचालयको ढल मिसाउने, लगायतका गतिविधि गर्नेलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ।

८२. जनकपुरधाम खानेपानी व्यवस्थापन बोर्डले प्रवाह गर्ने सेवा, पूर्वाधार विकास र विस्तारलाई व्यवस्थित गर्न संघीय, प्रदेश र अन्य दात्री निकायहरुसंग समन्वय गरिनेछ ।

८३. अस्पताल तथा विभिन्न स्वास्थ्य संस्थाहरुबाट निस्कने मेडिकल वेस्टको व्यवस्थापनका लागि निजी क्षेत्रसंग सहकार्य गरिनेछ । फोहोरको निर्मलीकरण तथा व्यवस्थापन गर्ने उपकरणको व्यवस्था मिलाइनेछ।

८४. वातावरण तथा प्रविधिमैत्री यातायात व्यवस्थापन गर्न विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

**सुशासन**

८५. सार्वजनिक स्रोतको उपयोगलाई प्रभावकारी बनाउन जोखिम विश्लेषणमा आधारित लेखाराख्ने पद्धतिलाई जोड दिइनेछ ।

८६. उपमहानगरबाट सम्पन्न हुने आर्थिक क्रियाकलापमा वित्तीय जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ ।

८७. उपमहानगरको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाउन आन्तरिक नियन्त्रण निर्देशिकालाई कार्यान्वयनमा ल्याइनेछ ।

८८. उपमहानगरपालिकाले कुनै पनि स्वरूपको भ्रस्टाचार सहन नगर्ने नीतिअनुरुप शासकीय क्रियाकलापहरुमा हुन सक्ने अनियमितता, सरकारी सम्पत्तिको अनधिकृत प्रयोग, अपचलन वा दोहन गर्ने जुनसुकै पदाधिकारी, कर्मचारी, सेवाप्रदायक वा सेवाग्राहीलाई कानून अनुरुप दण्डको व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ ।

८९. उपमहानगरमा सार्वजनिक खरीद प्रक्रियालाई पारदर्शी, प्रतिष्पर्धी र मितव्ययी बनाई सुशासन कायम गर्न निर्माण व्यवसायीहरुको प्राविधिक तथा आर्थिक क्षमता, पूर्व कार्य-सम्पादन स्थिति, कामको गुणस्तर, कार्यान्वयनमा रहेका ठेक्का संख्यासहितको विद्युतीय प्रोफाइल अद्यावधिक राखिनेछ ।

९०. निर्माण हुने कार्यको सम्बन्धित सबै पक्षको विश्लेषण नगरी ठेक्का दिएको कारणबाट तोकिएको समय, लागत, गुणस्तरसहितको कार्यसम्पादन नभएमा प्राविधिक मूल्यांकनकर्ता, पदाधिकारी, उपभोक्ता समिति तथा अन्य जिम्मेवार कर्मचारीलाई कानून अनुसार दण्ड दिने तथा आवश्यक क्षतिपूर्ति भराउने नीति अवलम्बन गरिनेछ |

९१. उपमहानगरपालिकाले प्रदान गर्ने सेवा प्रवाह,आर्थिक व्ययभार र भूगोल समेतलाई विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य गरिनेछ।

९२. भुक्तानी प्रक्रियालाई सरलीकरण गर्नका लागि उपभोक्ता समितिलाई पुनर्ताजगी तालिम प्रदान गरिनेछ ।

९३. सुचना लिने दिने प्रणाली लाई थप व्यवस्थित गरी जनताको कार्य कहिले सम्म हुन्छ स्पष्ट जानकारी दिइने आरटी आइको मूलमर्म लाई आत्मसात गरी कार्यप्रकिया अगाडी बढाइनेछ ।

९४. उपमहानगरपालिकाको सेवा प्रवाहलाई चस्तदुस्त र गुणस्तरीय वनाउन कर्मचारीहरुलाई क्षमता विकासका लागि तालिमको व्यवस्था मिलाइने छ।

९५. कर्मचारीहरुमा राम्रो कामगर्नेलाई पुरस्कार र नराम्रोकाम गर्ने लाई दण्ड दिइने र त्यस्को लागि वैत्रानिक कार्य सम्पादन मुल्यांकन प्रणालीमा जोड दिइनेछ।

## सूचना संचार, प्रविधि प्रयोग तथा डिजिटल प्रणाली

९६. पत्रकार महासंघ तथा पत्रकार सम्बद्ध संघ-संस्थाको क्षमता विस्तार र सशक्तिकरणका लागि आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

९७. जनकपुरधाम उपउपमहानगरपालिकालाई सूचना मैत्री बनाई स्थानीय सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धन गरिनेछ | स्थानीय पत्र-पत्रिका, रेडियो, टेलिभिजन तथा अनलाइनहरुलाई थप व्यवस्थित, विश्वसनीय र प्रतिष्पर्धी बनाइनेछ ।

९८. सेवा-प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी E-Governance लाई तीव्रता दिइनेछ । कम्प्युटर प्रविधि तथा इन्टरनेटमा आधारित सेवा (Online Services)लाई अझ प्रभावकारी बनाउने नीति लिइनेछ । सूचना-प्रवाह गर्न तथा नगरवासीसँग अन्तर्क्रिया गर्न उपमहानगर हाम्रो जनकपुरधाम रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्नुका साथै सामाजिक सञ्जालको प्रयोग गरिनेछ ।

९९. उपमहानगरपालिकाको आफ्नै सर्भरमा तथ्यांक राखी यसको संरक्षण गर्न उपयुक्त सर्भर खरिद गर्नुका साथै डाटा, एप्लिकेशन, सफ्टवेयर तथा साइबर सुरक्षाको प्रबन्ध मिलाइनेछ।

**महिला, दलित तथा लक्ष्यित वर्ग उत्थान, सशक्तिकरण एवं सामाजिक समावेशीकरण**

१००. सामाजिक समावेशी नीति अनुरुप दलित, आदिवासी, जनजाति, पिछडा वर्गको सशक्तीकरण र उत्थानका कार्यक्रम सञ्चालन गरिनेछ।

१०१. विशेष संरक्षणको आवश्यकता भएका महिला, बालबालिका, ज्येष्ठ-नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको संरक्षणका लागि लागि संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

१०२. वडा तहमा विभिन्न निकायबाट गठन गरिएका महिला समूह तथा आमा समूहहरूलाई एकीकृत रूपमा महिला सन्जाल गठन गरी महिलाहरुको आर्थिक एवम् सामाजिक सशक्तीकरणका लागि परिचालन गरिनेछ।

१०३. हाम्रा बालबालिका हाम्रो भविष्य भन्ने नाराकासाथ बालमैत्री शासन पद्धति अनुशरण गरिनेछ । बालबालिका विरूद्ध हुने सबै प्रकारका हिंसा र शोषण निषेधको नीतिलाई निरन्तरता दिइनेछ।

१०४. बालबालिकाको सर्वोत्तम हितका लागि स्थापित बालकोषमा बालबालिकाको हक हित सम्बन्धमा व्यवस्था गर्न बनेको स्थानीय बालअधिकार कार्यविधिमा उल्लेख भए बमोजिमको श्रोत व्यवस्थापन गर्दै लगिनेछ।

१०५. टोल विकास संस्था स्थानीय शासनका साझेदार हुन् । यिनको क्रियाशीलताले स्थानीय सुशासनलाई प्रत्यक्ष रूपमा बल पुग्ने हुँदा टोलस्तरमा हुने सबै स्थानीय शासकीय गतिविधिमा टोल विकास संस्थाको औपचारिक सक्रियता सुनिश्चित गरिनेछ।

१०६. प्रत्येक टोलमा रहेका टोल विकास सस्थाहरुलाई आफ्नो टोलभित्र बसोबास गर्ने महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको पहिचान खुल्ने विवरण तयार पार्न र अभिलेख व्यवस्थित गर्ने कार्यमा जिम्मेवार बनाउंदै लगिनेछ।

१०७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसंग स्थानीय आवश्यकता अनुसार आमन्त्रण र सहकार्य गर्ने नीति लिइनेछ | साथै प्रभावकारी अनुगमन र नियमनमा जोड दिइनेछ। देशभित्र र देशबाहिरका शहरहरुसंग भगिनी सम्बन्ध कायमगरी साँस्कृतिक एवम् विविध पक्षबीच आदान-प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१०८. जनकपुरधाम उपउपमहानगरपालिकाले बेसहारा सडक मानवमुक्त उपमहानगरपालिका घोषणा गरी मानव सेवा आश्रमसंग शुरु गरेको सहकार्य व्यवस्थित र व्यापक बनाउने नीति लिइनेछ । यस आ.व.बाट मानवसेवा आश्रमका साथै अन्य यससम्बन्धी सहयोगी निकायहरुसंग पनि सहकार्य गरिनेछ |

१०९. अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र अधिकारलाई सुनिश्चित गर्दै अपाङ्गताको गाम्भीर्यताको आधारमा अपाङ्गता परिचय-पत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै जनकपुरधाम प्रादेशिक अस्पतालमा उपचारका लागि आउने सबै अपाङ्गता भएका व्यक्तिको बहिरंग सेवाको टिकट दस्तुर निःशुल्क बनाइनेछ ।

११०. **"जसको सवाल उसैको नेतृत्व"** भन्ने मान्यता अनुरुप अपाङ्गता क्षेत्रमा क्रियाशील सामाजिक संघसंस्थाहरूको अगुवाईमा अपाङ्गता सम्बन्धी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

१११. उपमहानगरभित्र जन्मिएका बच्चाहरुको जन्मदर्ता गर्दा बालस्वास्थ्य खोपकार्डको आधारमा गरिनेछ र प्रत्येक बालबालिकाको पहिचानलाई सुनिश्चत गर्दै जन्मदर्ता अभिलेखको आधारमा विद्यालय भर्ना गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

११२. पिछडा वर्ग, सीमान्तकृत समुदाय, आदिवासी जनजाति, दलित लगायत विपन्न र पिछडिएका बस्तिहरुमा स्थलगत रुपमा नै व्यक्तिगत घटना दर्ता गर्न टोली खटिनेछन् । साथै प्रत्येक वडामा व्यक्तिगत घटना दर्ताका लागि घुम्ती शिविर सञ्चालन गरिनेछ।

११३. उपमहानगरमा रहेका विपन्न र पिछडिएका बासिन्दा खुला स्थानमा बस्नु नपरोस् भनि निःशुल्क बसोवास, खरको छानामुक्त गर्ने र न्यूनतम विद्युत खपत गर्ने बासिन्दाको विद्युत महशुल उपमहानगरले तिरिदिने नीति लिइएकोछ ।

११४. उपमहानगरकासबै वडाहरुमा सामाजिक विकृति एवं विसङ्गति तथा लागू पदार्थ दुर्व्यसन नियन्त्रणगर्न स्थानीय सुरक्षा निकायबीच सहकार्य गरि नियन्त्रण गरिनेछ ।

११५. महिला, दलित, जनजाति तथा पिछडा वर्गका लागि आय आर्जनका विशेष कार्यक्रमहरू जस्तै रोजगार सृजनाका लागि उद्यमशिलता विकास तालिम, सिप विकास तालिम, प्रविधि हस्तान्तरण तथा वजार व्यवस्थापन जस्ताकार्यक्रमहरुसञ्चालनगरिनेछ।

११६. उपमहानरपालिकाके कार्यालयमा कम्तीमा एउटा स्तनपान कक्षको व्यवस्था गरिने छ। पछि यसलाइ सवै वडामा विस्तार गरिने छ।

११७. सवै वडा स्वास्थ्य कार्यालयमा आवश्यकताका आधारमा सञ्चालित वर्थिंग सेन्टरलाई थप प्रभावकारी र स्रोत साधन युक्त वर्थिङ सेन्टरको स्थापना गरिने छ।

११८. लैंगिक समानता तथा सामाजिक समावेशिकरण छुटै इकाइ खडा गरिने छ र यस सम्वन्धि आचार संहिता निर्माण गरी लागु गरिने छ।

**विपद व्यवस्थापन**

११९. सबै वडा कार्यालयहरुमा विपद् व्यवस्थापनका आधारभूत सामग्री भण्डारणको व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ।

१२०. विपद् र विकासमा युवा परिचालनको नीतिलाई निरन्तरता दिइनेछ।

**उद्योग वाणिज्य तथाआपूर्ति**

१२१. उद्योग तथा वाणिज्य क्षेत्रले समाजमा निर्वाह गर्नुपर्ने दायित्वलाई ध्यान दिंदै उपमहानगरभित्र संचालित उद्योग तथा व्यापारका लागि CSR (कर्पोरेट सोसल रेस्पोंसिबिलिटी) निर्देशिका तयार गरी कार्यान्वयन गरिनेछ।

१२२. औद्योगिक वातावरणलाई लगानी मैत्री तथा प्रतिस्पर्धी बनाई औद्योगिक वस्तुको उत्पादन र रोजगारीका अवसरमा अभिवृद्धि गर्ने नीति लिइनेछ। साना तथा मझौला उद्योगहरुको संरक्षण र विकास गर्दै स्थानीय क्षेत्रमा रोजगारी अभिवृद्धि गर्न संभावित वडाहरु पहिचान गरी साना तथा मझौला उद्योग ग्राम स्थापना गर्ने नीतिलाई कायम गरिएकोछ।

१२३. स्थानीय स्रोत र कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्ने गरी उद्योगको प्रवर्द्धन गर्न विशेष जोड दिइनेछ।

१२४. खाद्य गुणस्तर कायम गर्न उपमहानगरमा खाद्य गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्न आवश्यक पहल गरिनेछ।

१२५. सृजनात्मक तथा अनुसन्धानमा आधारित साना उद्योगहरुको स्थापनाका लागि प्रोत्साहन स्वरूप बीउ पूंजी तथा उत्पादन पश्चात बिक्री बिल बिजकका आधारमा अनुदानको व्यवस्था गरिनेछ।

१२६. जनकपुरधामको प्रातिकको रुपमा सप्रेम उपहार (Token of Love) स्वरुप आमनागरिक तथा पर्यटनहरुले खरिद गरुन भन्ने नीति अनुरप जनकपुरधामको प्रतिकको रुपमा रहेका राजा जनक तथा जानकी जीको प्रतिमा बनाई सोको व्यवसायिकरण गर्ने नीति प्रारम्भ गरीनेछ ।

**भू उपयोग तथा वस्ति विकास**

१२७. उपयोगविहीन जग्गाहरुको पहिचान गरी लगत राखि सार्वजनिक पार्क तथासार्वजनिक उपयोगका क्षेत्रमा प्रयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ |

१२८. उपमहानगरपालिका भित्रका सम्भावित स्थानमा व्यवस्थित बस्ती विकास(ल्याण्ड पुलिङ)कार्यक्रम संचालन गरिनुका साथै एकीकृत शहरी विकास योजना तयार गरिनेछ । संघ र प्रदेशको सहकार्यमा जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ |

१२९. उपमहानगरभित्र रहेका भूमिहीन तथा सुकुम्वासीको लगत संकलन कार्यको शुरुवात गरि बैज्ञानिक बसोवासको लागि पहल गरिनेछ ।

१३०. उपमहानगरपालिका भित्र रहेका सार्वजनिक पर्ति जग्गा खोजबिन तथा अनधिकृत सार्वजनिक जग्गाको अतिक्रमणलाई कडाईका साथ रोकिनेछ |

**आदरणीय सभा सदस्य ज्यु हरु,**

१३१. अन्त्यमा, तेरह्रौं नगर सभामा सहभागी हुनुभएका सम्पूर्ण सभा सदस्य ज्यु हरू नीति तथा कार्यक्रम निर्माणमा खटिनुभएका कर्मचारी साथीहरु, राजनीतिक दल, राष्ट्रसेवक, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, विकास साझेदार, संचारजगत एवम्तेरह्रौं नगर सभा सम्पन्न गर्ने प्रत्यक्ष तथा अप्रत्यक्षरुपले सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यबाद ।

मनोज कुमार साह
नगर प्रमुख